## २०८१ साल असार ३० गते बसेको गाउँ कार्यपालिकाको २३औं बैठकका निर्णयहरु:

बैठकका प्रस्तावहरू:

१. प्रस्तावित बजेटलाई संशोधन सहित गाउँसभामा पेश गर्ने सम्बन्धमा ।

२. विविध सम्बन्धमा ।

बैठकका निर्णयहरु:

१. **प्रस्तावित बजेटलाई संशोधन सहित गाउँसभामा पेश गर्ने सम्बन्धमा:** लुङग्री गाउँपालिकाद्वारा मिति: २०८१।०३।१० गते लुङग्री गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशनको दोस्रो बैठकमा पेश गरिएको प्रस्तावित बजेटको बैङ्क मौज्दातमा रु. १,२०,००,०००।०० (अक्षरेपि एक करोड बीस लाख रुपैयाँ मात्र) अनुमान गरिएकोमा चालू आ.व. २०८०।०८१ मा संघीय र प्रदेश सरकारको समानिकरण अनुदान ९३% मात्र निकासा भएको र जिल्ला समन्वय समिति, रोल्पाबाट चालू आ.व. मा निकासा हुनुपर्ने रकम समेत निकासा नभएकोले बैङ्क मौज्दात घटेर रु. १,०४,००,०००।०० (अक्षरेपि एक करोड चार लाख रुपैयाँ मात्र) हुँदा कुल रु. ४६,८२,९३,१५०।०० (अक्षरेपि छयालीस करोड बयासी लाख त्रियानब्बे हजार एक सय पचास रुपैयाँ मात्र) बजेट विनियोजन गर्ने र चालू आ.व. २०८०।०८१ मा भुक्तानी दिन बाँकी पूँजीगत दायित्व रकम रु. ४३,१४,०००।०० (अक्षरेपि त्रिचालीस लाख चौध हजार रुपैयाँ मात्र) आगामी आ.व.मा भुक्तानीको लागि गाउँसभाको चालू अधिवेशनको तेस्रो बैठकमा पेश गर्ने ।

२. विविध सम्बन्धमा: देहायका विविध विषयहरूमा निर्णय गरियो ।

२.१ कर्मचारी मिलन केन्द्र, रोल्पाको भवन मर्मतको लागि आवश्यक रकम सहयोग गर्न लागत अनुमान सहित पत्र प्राप्त भएकोमा पालिकाबाट सहयोग बापत भुक्तानी भएको रकम रु. ४०,०००।०० (अक्षरेपि चालीस हजार रुपैयाँ मात्र) अनुमोदन गर्ने।

२.२ लुङग्री गाउँपालिकाको मध्यमकालिन खर्च संरचना (आ.व. २०८१।०८२-२०८३।०८४) तथा आ.व. २०८१।०८२ को वार्षिक विकास कार्यक्रम पारितका लागि गाउँसभामा पेश गर्ने।

२.३ न्यायिक समितिको वार्षिक प्रतिवेदन पारितका लागि गाउँसभामा पेश गर्ने।

२.४ मिति: २०८१।०४।२७ गते आइतवार ११ बजे लुङग्री गाउँपालिकाको प्रशासकीय केन्द्रमा लुङग्री गाउँपालिकाको आ.व. २०८०।०८१ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्न प्र.प्र.अ.लाई जिम्मेवारी तोक्ने ।

लुङग्री गाउँपालिकाको कार्यालय, वडाचौर, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल, स्था.२०७३

जीत बहादुर परियार (प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा, गा.पा.अध्यक्ष

२.५ आ.व. २०८०।०८१ को उत्कृष्ट कर्मचारीको रूपमा देहायका कर्मचारीलाई गाउँसभामा जनही १ महिनाको पारिश्रमिक र प्रमाण-पत्रद्वारा सम्मान गर्ने:

देहाय:

क) श्री दिपा कुमारी बिष्ट - स्वास्थ्य सह-संयोजक

ख) श्री निमराज सुवेदी - आर्थिक प्रशासन शाखा प्रमुख

ग) श्री जनक बुढाथोकी - कार्यालय सहयोगी

२.६ लुङग्री गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन एवं छपाईको जिम्मेवारी सूचना प्रविधि अधिकृत श्री असिम घिमिरेलाई प्रदान गर्ने।

लुङग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वडाचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल स्था. २०७३

जीत बहादुर परियार (प्रमुख प्रशासकीय अधिकृत) निर्णय प्रमाणित गरिएको छ।

भरत कुमार थापा गा.पा. अध्यक्ष